# ककनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रानीपौवा, नुवाकोट
स्थापना: २०७३
बागमती प्रदेश, नेपाल

Phone: 010-411022
Email: ito.kakanimun@gmail.com
Website: kakanimun.gov.np

प.सं. ०७९-८०
च.नं.

**ककनी गाउँपालिकाको पालिका गान तथा लोगो डिजाईन गरी पेश गर्ने सम्बन्धी सूचना।**
**( मिति:२०८०/०३/०१ )**

प्रस्तुत बिषय ककनी गाउँपालिकाको मिति २०८०/०२/३२ को कार्यापालिकाको बैठकको निर्णयअनुसार गाउँपालिकाको प्राकृतिक, सांस्कृतिक, ऐतिहाँसिक तथा बिशिष्ट भौगोलिक पहिचान झल्कने गरी प्रतिस्पर्धात्मक बिधिबाट पालिका गान र लोगो निर्माण गरी प्रयोगमा ल्याउने प्रयोजनार्थ पालिकाको गान रचना र लोगो डिजाईन गर्न ईच्छुक व्यक्ति एबंम संस्थाले तपशिल बमोजिमको शर्तहरुको अधिनमा रहि पालिका गान र लोगो डिजाईन गरी सो को E-Copy गाउँपालिकाको ईमेल ठेगाना ito.kakanimun@gmail.com वा कार्यालयमा यो सूचना प्रकाशन बएको मितिले १५ दिनभित्र पेश गर्नुहुन यसै सूचनासाथ जानकारी गराईन्छ।

**तपशिल:**

१. पालिकाको गान रचना र लोगोमा गाउँपालिकाको प्राकृतिक, सांकृतिक,ऐतिहाँसिक तथा बिशिष्ट भौगोलिक पहिचान झल्काउनु पर्नेछ।
२. लोगोमा प्रयोग भएका संकेतहरुको संक्षिप्त ब्याख्या गर्नुपर्नेछ।
३. लोगो र पालिका गानमा कुनैपनि जातिय बिभेद, साम्प्रदायीकता, राष्ट्रिय अखण्डतामा खलबल आउनसक्ने संकेत प्रयोग गर्न पाईनेछैन, गानामा कम्तिमा ४० देखि बढिमा ६० शब्द हुनुपर्नेछ।
४. लोगो कम्तिमा 300 dpi resolution भएको JPEG Format मा हुनु पर्नेछ,
५. छनौट भएको गाना र लोगो डिजाईनकर्तालाई प्रमाणपत्र सहित नगद रु. २५,०००/- ( अक्षरुपी तपच्चिस हजार मात्र ) र प्रमाणपत्र पुरस्कारस्वरुप नियमअनुसार करकट्टी गरी प्रदान गरिनेछ।
६. लोगो र गान अन्यत्रबाट नक्कल नगरिएको मौलिक हुनुपर्ने,
७. पालिका गान र लोगोको स्विकृति सम्बन्धी समपुर्ण अधिकार गाउँ कार्यपालिकामा रहनेछ , स्विकृत गान र लोगोको सर्वाधिकार गाउँपालिकामा रहनेछ र डिजाईनकर्ताले अन्यत्र प्रयोग गर्न पाईनेछैन,
८. पालिका लोगो र गान पेश गर्दा रचनाकार र डिजाईनरकर्ताले आफ्नो नागरिकताको छाँयाप्रति पेश गर्नुपर्नेछ
९. छनौट समितिले आवश्यक ठानेमा डिजाईनकर्ताले पेश गरेको लोगोमा सामान्य परिमार्जन गर्न लगाई स्विकृत गर्न सक्नेछ
१०. म्याद सकिएपछि प्राप्त डिजाईन र गानलाई प्रतिस्पर्धामा सामेल गराईनेछैन।

गीता कुमारी शर्मा
**प्रमुख प्रशासकीय अधिकृत**

गीता कुमारी शर्मा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner